# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, माघ १९ गते २०४६ साल ( पूर्वातिरिक्ताङ्क ६० (क)

## भाग ४

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल अधिराज्यभित्र कार्नेटअन्तर्गत अस्थायी पैठारी भै आउने सवारी साधनहरू अधिराज्यभित्र बिक्री गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा निम्नबमोजिमको प्रक्रिया निर्धारण गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. कार्नेटअन्तर्गत बस, मिनीबस खरिद गर्दा १५ वर्षभन्दा पुरानो खरिद बिक्री गर्न नपाउने ।

२. ट्रक खरिद गर्दा १५ वर्षभन्दा पुरानो खरिद गर्न नपाउने ।

३. मोटरकार, जीप, मोटरसाईकल पनि १५ वर्षभन्दा पुरानो खरिद बिक्री गर्न नपाउने ।

४. सवारी साधन खरिद तथा बिक्री गर्दा कार्नेटमा उल्लेखित म्याद ननाघेको हुनुपर्ने साथै सवारी साधन चालू हालतको हुनुपर्ने । बिग्रेको सवारी साधन खरिद गर्न बिक्री गर्न स्वीकृति दिइने छैन ।

५. खरिद बिक्री नगरी दानदातव्य गर्दा पनि दान दिने लिनेले उपरोक्त व्यवस्थाको अधीनमा रही दान दिने र लिने गर्नुपर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. यो सूचना प्रकाशित हुनु अघि बिक्री भैसकेको वा दानदातव्य भैसकेको सवारी साधनको सम्बन्धमा प्रचलित कानूनबमोजिम लाग्ने भन्सार महशूल र बिक्रीकर बुझाउने स्वीकृति दिने ।

७. कार्नेटअन्तर्गत अस्थायी पैठारी भैआएको उक्त उल्लेखित सवारीका साधनहरू खरिद बिक्री गर्न कारवाहीको सिलसिलामा निवेदन परे तापनि स्वीकृति नपाएको कारणले म्याद गुज्रेकोलाई पनि उपरोक्त उल्लेख भएबमोजिम सुविधा दिने ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग,

6686